# जनगणना २०६८ र २०७८ मा नेपालका भाषाहरूको पारिवारिक अवस्था

**दीपकप्रसाद न्यौपाने, विद्यावारिधि**

नेपाली विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

✉ tu.deepak31@gmail.com

**https://doi.org/10.3126/dristikon.v14i1.66061**

**लेखसार**

नेपालमा प्रत्येक दश वर्षमा जनगणना गर्दा भाषिक तथ्याङ्कलाई पनि लिने गरिएको छ । जनसङ्ख्या थपघटसँगै भाषिक तथ्याङ्कमा पनि थपघट हुनु स्वाभाविक देखिन्छ । यस्तो उतारचढवलाई सन्दर्भ बनाएर नेपालको भाषिक तथ्याङ्कको विश्लेषण गर्ने प्रयोजनमा केन्द्रित रहेर यो लेख तयार पारिएको छ । यस लेखमा मूलत: २०६८ र २०७८ दुई वटा जनगणनामा प्राप्त भएका तथ्याङ्कका आधारमा नेपालका भाषाहरूको पारिवारिक अवस्थाको विश्लेषण गरिएको छ । यसका लागि प्रस्तुत लेखमा जनगणना २०६८ र २०७८ को भाषिक तथ्याङ्कलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ भने यस विषयमा गरिएका परिचर्चाहरू प्रस्तुत लेखमा द्वितीयक सामग्रीका रूपमा प्रयोग भएका छन् । यसमा तुलनात्मक, वर्णनात्मक तथा विवरणात्मक ढाँचाबाट सामग्रीको विश्लेषण गरी सिङ्गो १० वर्षको भाषिक तथ्याङ्लाई केलाउँदा नेपालमा यी १० वर्षमा प्राय: स्थिर किसिमको भाषिक अवस्था रहेको निष्कर्ष प्राप्त भएको छ । यी १० वर्षमा नेपालमा भारोपेली परिवारका वक्ताहरू बढी रहे पनि भोटवर्मेली परिवारका भाषाहरूको सङ्ख्या बढी रहेको तथा नेपाली भाषाको सामाजिक प्रकार्य बढी हुँदाहुँदै पनि अन्य भाषाका विकासमा समेत सचेतता अपनाइएको निष्कर्ष प्राप्त भएको छ । १० वर्षको भाषिक तथ्याङ्कको विश्लेषण गरी नेपालमा मातृभाषाहरूको वर्तमान अवस्थाको विश्लेषण हुनु यो लेखको मुख्य प्राप्ति हो ।

*शब्दकुञ्जी* : जनगणना, प्रकार्य, भाषापरिवार, मातृभाषा, लोपोन्मुखता

## विषयपरिचय

जनगणना २०६८ र २०७८ का तथ्याङ्का अधारित रही नेपालको वर्मान भाषिक स्थितिको विश्लेषण गर्नु यो लेखको विषय हो । जनगणना २०६८ को तथ्याङ्कअनुसार नेपालमा १२३ भाषाहरू मातृभाषाका रूपमा बोलचालमा रहेका थिए । यस समयमा नेपालको समग्र मातृभाषीको सङ्ख्या २,६४,९४,५०४ रहेको थियो । जनगणना २०७८ को तथ्याङ्क सार्वजनिक हुँदा यो सङ्ख्यामा केही वृद्धि भई नेपालमा १२४ वटा भाषाहरू मातृभाषाका रूपमा बोलचालमा रहेको देखिएको छ । यो तथ्याङ्कअनुसार नेपालमा मातृभाषीहरूको सङ्ख्या जम्मा २,९१,६४,५७८ रहेको देखिन्छ । यस बिचमा भाषा आयोग, त्रिभुवन विश्वविद्यालय तथा विभिन्न संघसंस्थाहरूले नेपालमा बोलिने भाषाहरूका बारेमा खोजअन्वेषण गरेको पाइन्छ । वि.सं. २०७८ को जनगणनामा २०६८ को गणनाभन्दा सङ्ख्यात्मक दृष्टिले एउटा भाषा मात्र थपिएको जस्तो देखिए पनि वास्तविकता यस्तो देखिँदैन । यो गणनामा २०६८ को गणनामा रहेका अति कम वक्तासङ्ख्या भएका १२ वटा विदेशी भाषा बोल्ने व्यक्तिहरूको सङ्ख्या न्यून भएकाले अन्य भाषाअन्तर्गत समावेश गरिएको छ भने नयाँ १३ वटा भाषाहरू थपिएका छन् । जनगणना २०७८ मा अन्य भाषा बोल्नेको सङ्ख्या ४२०१ (०.०१%) दिइएको छ । यही सङ्ख्याभित्र यी हटाइएका भाषाहरूलाई समावेश गरिएको देखिन्छ । २०६८ र २०७८ को भाषिक तथ्याङ्कअनुसार नेपालमा भारोपेली, भोटबर्मेली, आग्नेली द्रबिड र एकल गरी

पाँच परिवारका भाषाहरू बोलचालमा रहेका देखिन्छन् । वि.सं. २०६८ देखि २०७८ सम्मको अवधिमा नेपालको जनसङ्ख्या ३३ लाख ३३ हजार ८१ बढेको देखिन्छ । पहिलो जनगणना वि.सं. १९६८ र अहिलेको तथ्याङ्कलाई हेर्दा विगत सय वर्षमा नेपालको जनसङ्ख्या ५६ लाख बाट बढेर दुई करोड लगभग ९२ लाख पुगेको देखिन्छ । पहिलो गणना र अहिलेको तथ्याङ्कलाई हेर्दा पहिलो जनगणनाभन्दा अहिलेको जनसङ्ख्या दुई करोड ३६ लाख बढी रहेको देखिन्छ । (नेपालमा जनगणना, २०७८ पृ. १९) । यस लेखमा चाहिँ यी सबै गणनामा नभई वि.सं. २०६८ र २०७८ दुईवटा जनगणनाका भाषिक तथ्याङ्कको तुलनात्मक अध्ययन गरी १० वर्षको नेपालको भाषिक स्थितिको विश्लेषण गरिएको छ ।

**समस्या कथन**

यस लेखमा नेपालमा मातृभाषाहरूको वर्तमान अवस्थाको विश्लेषणलाई मूल विषय बनाई निम्नलिखित समस्याहरूको प्राज्ञिक समाधान खोज्ने प्रयास गरिएको छ :

क. नेपालमा मातृभाषाहरुको पारिवारिक अवस्था केकस्तो छ ?

ख. नेपालको जनगणना २०६८ र २०७८ को भाषिक अन्तरलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

**उद्देश्य**

नेपालका मातृभाषाहरूको पारिवारिक अवस्थाको अध्ययन गर्नु यस लेखको मुख्य विषय भएकाले यो अध्ययन मूलत: निम्नअनुसारका उद्देश्यमा केन्द्रित रहेको छ :

क. नेपालमा मातृभाषाहरूको पारिवारिक अवस्थाको अध्ययन गर्नु ।

ख. नेपालको जनगणना २०६८ र २०७८ को भाषिक अन्तरको विश्लेषण गर्नु ।

## शोधसामग्री तथा अध्ययन विधि

यस अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्री जुटाइएको छ । यो परिमाणात्मक तथा गुणात्मक अनुसन्धानको मिश्रण भएको मिश्रित ढाँचाको अनुसन्धान भएकाले तुलनात्मक, विवरणात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित भई सामाग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस लेखमा माथिका दुवै समस्याका विश्लेषणका सन्दर्भमा नेपालको जनगणना २०६८ र २०७८ को भाषिक तथ्याङ्कको विवरणात्मक अध्ययन गरिएको छ भने दोस्रो समस्याको विश्लेषण गर्दा तुलनात्मक रूपमा यी तथ्याङ्कमा पाइने अन्तरलाई हेरिएको छ ।

## परिणाम तथा छलफल

जनगणना २०६८ को तथ्याङ्कअनुसार नेपालमा समग्र मातृभाषीको सङ्ख्या २,६४,९४,५०४ पाइन्छ । यो तथ्याङ्कले नेपालमा भारोपेली, भोटवर्मेली, द्रबिडेली, आग्नेली र एकल गरी ५ परिवारका १२३ भाषाहरू मातृभाषाका रूपमा बोलचालमा रहेको देखाएको छ (न्यौपाने, २०७३ पृ. १२७) । अहिले नेपालको जनगणना २०७८ को तथ्याङ्क सार्वजनिक हुँदा यो सङ्ख्यामा केही वृद्धि भई नेपालमा मातृभाषीहरूको सङ्ख्या जम्मा २,९१,६४,५७८ रहेको देखिन्छ भने अहिले पनि उल्लिखित पाँचै परिवारका १२४ वटा भाषाहरू मातृभाषाका रूपमा बोलचालमा रहेको देखिएको छ । यहाँ यिनै दुई तथ्याङ्कमा अधारित रहेर नेपालका मातृभाषाहरूको अवस्थाको विश्लेषण गरिएको छ ।

**जनगणना २०६८ र २०७८ मा नेपालका मातृभाषाहरू**

नेपालमा प्रत्येक दश वर्षमा जनगणना गरिन्छ । पहिलोचोटि वि.सं. १९६८ मा नेपालमा जनगणना लिइएको थियो । यो गणनाले भरमुलुकको जनसङ्ख्या ५,६३८,७४९ रहेको तथ्यलाई अगाडि सारेको छ (नेपालमा जनगणना, २०७८ पृ. १९) । अहिलेसम्ममा नेपालमा विभिन्न समयमा १२ पटक जनगणना सम्पन्न भइसकेका छन् । यससन्दर्भमा जनगणना २०६८ नेपालको एघारौँ र २०७८ बाह्रौँ जनगणना मानिन्छ । २०७८को तथ्याङ्कअनुसार हाल नेपालको जनसङ्ख्या २,९१,६४,५७८ रहेको छ । पहिलो जनगणनादेखि वर्तमानसम्म आइपुग्दा २ करोड ३५ लाख २५ हजार ८२९ मातृभाषीहरू बढी रहेका देखिन्छन् । नेपालमा भएका विभिन्न जनगणना मिति र मातृभाषीहरूको सङ्ख्या निम्मअनुसारको रहेको देखिन्छ :

**तालिका १**

*विभिन्न जनगणना र जनसङ्ख्या*

| क्रम | जनगणना वर्ष | मातृभाषीहरू | क्रम | जनगणना वर्ष | मातृभाषीहरू |
|---|---|---|---|---|---|
| १ | वि.सं. १९६८ | ५,६३८,७४९ | ७ | वि.सं. २०२८ | ११,५५५,९८३ |
| २ | वि.सं. १९७७ | ५,५७३,७८८ | ८ | वि.सं. २०३८ | १५,०२२,८३९ |
| ३ | वि.सं. १९८७ | ५,५३२,५७४ | ९ | वि.सं. २०४८ | १८,४९१,०९७ |
| ४ | वि.सं. १९९८ | ६,२८३,६४९ | १० | वि.सं. २०५८ | २३,१५१,४२३ |
| ५ | वि.सं. २००९-११ | ८,२५६,६२५ | ११ | वि.सं. २०६८ | २६,४९४,५०४ |
| ६ | वि.सं. २०१८ | ९,४१२,९९६ | १२ | वि.सं. २०७८ | २९, १६४,५७८ |

*स्रोत :* नेपालमा जनगणना, २०७९ पृ. ९८

२०६८ र २०७८ दुवै जनगणनामा नेपालमा भारोपेली, भोटबर्मेली, द्रबिडेली, आग्नेली र एकल गरी पाँच परिवारका भाषाहरू बोलिन्छन् । यी भाषाहरूको पारिवारिक अवस्थालाई यहाँ निम्नअनुसार विश्लेषण गरिएको छ :

***भारोपेली परिवारका भाषाहरू***

नेपालमा भारोपेली परिवारका भाषा बोल्नेहरूको वक्तासङ्ख्या सबैभन्दा बढी रहेको छ । भाषासङ्ख्याका दृष्टिले भने भोटबर्मेली परिवारका भाषाहरू बढी बोलिन्छन् । जनगणना २०६८ अनुसार नेपालमा भारोपेली परिवारका ४८ वटा भाषाहरू बोलिन्छन् भने यस परिवारका भाषा बोल्नेहरूको सङ्ख्या २,१७,५३,४२५ देखिन्छ जुन समग्र मातृभाषीको ८२.१० प्रतिशत हुन्छ । २०७८ को गणनामा यसमा केही वृद्धि भई २४२२७८६७ अर्थात् ८३.०७ प्रतिशतले यस परिवारका भाषाहरूको प्रयोग गरेको देखिन्छ । २०७८ को तथ्याङ्कअनुसार नेपालमा भारोपेली परिवारका ४६ मातृभाषाहरू बोलचालमा रहेका छन् ।

**नेपाली र नेपालीसँग सम्बद्ध अन्य भाषाहरू :** नेपालमा नेपाली वक्तासङ्ख्याका दृष्टिले पहिलो स्थानमा रहेको भाषा हो । जनगणना २०६८ सालको भाषिक तथ्याङकअनुसार जम्मा २६,४९४,५०४ वक्ता सङ्ख्यामध्ये ११,८२६,९५३ वक्ताले मातृभाषका रूपमा नेपाली भाषा प्रयोग गर्दै आएको तथ्याङ्कले देखाएको छ । यो कुल वक्तासङ्ख्याको ४४.६४% रहेको छ । जनगणना २०७८ सालको

भाषिक तथ्याङ्क अनुसार जम्मा २,९१,६४,५७८ वक्ता सङ्ख्यामध्ये १,३०,८४,४५७ वक्ताले मातृभाषाका रूपमा नेपाली भाषा प्रयोग गर्दै आएका छन, जुन कुल वक्ता सङ्ख्याको ४४.८६ प्रतिशत हुन आउँछ । यसैगरी नेपालमा दोस्रो भाषाका रूपमा नेपाली भाषा बोल्ने वक्ताहरूको सङ्ख्या १३४८२९०४ जना अर्थात् ४६.२३% रहेको छ। यसरी हेर्दा नेपालमा ९१.०९% ले नेपाली भाषाको प्रयोग गरिरहेका आधारमा नेपाली भाषाको अवस्था निकै मजबुत रहेको देखिन्छ। यी १० वर्षमा नेपाली भाषिक तथ्याङ्कमा खासै अन्तर नभए पनि केही मात्रामा नेपाली मातृभाषीको सङ्ख्या केही बढेको पाइन्छ। नेपालमा नेपाली भाषा सूचना, सञ्चार, शिक्षा, प्रशासन आदिको माध्यम भाषा हुनाका साथै लामो समयसम्म राज्यको आश्रय पाएको हुनाले यसको विकास द्रुत गतिमा भएको देखिन्छ। नेपालका सन्दर्भमा लिपि, वाङ्मय, वक्ता, सामाजिक गतिविधि, भाषिक प्रकार्य आदिका दृष्टिले नेपाली भाषाको स्थिति मजबुत देखिन्छ। शब्दकोश, साहित्य, व्याकरण, सबै पक्षमा समृद्ध रहेको यस भाषाका वक्ताहरू नेपालका सबै क्षेत्रमा विस्तारित रहेका छन्। देवनागरी लिपिको प्रयोग गरिएको यस भाषाको मानकीकरणको क्रम भने अद्यावधि गतिशील रूपमा भइरहेको देखिन्छ।

२०६८ र २०७८ का भाषिक तथ्याङ्कमा नेपाली भाषाका भाषिकाका रूपमा लिइँदै आएका भाषिक भेदहरूलाई छुट्टै भाषाका रूपमा सूचीकरण गरिए पनि यी भाषिका वा भाषा नै हुन् भन्ने कुराको अध्ययन भने बाँकी नै रहेको देखिन्छ। यी तथ्याङ्कमा उल्लेख भएअनुसार डोटेली, बैतडेली, आछामी, खस, बझाङ्गी, बाजुरेली, दार्चुलेली, डडेलधुरी, जुम्ली, दैलेखी र डोल्पाली भाषाहरू २०६८ को जनगणनाभन्दा अगाडि भाषिकाका रूपमा परिचित रहेका देखिन्छन्। स्वाभाविक रूपमा भाषिक भेदहरूका बिचमा बोधगम्यता कम हुनाका साथै छुट्टै लिपिको प्रयोग, पत्रपत्रिकाहरूको प्रकाशन, वाङ्मय तथा साहित्यको विकास भएका स्थितिमा भाषिक भेदहरूले भाषाको स्वरूप पाउँछन् (न्यौपाने,२०७३, पृ. १३१)। नेपाली भाषाका सन्दर्भमा उल्लिखित भाषिक भेदमा यो अवस्था देखिंदैन। नेपाली भाषाका भाषिक स्वरूपका अध्ययनका सन्दर्भमा उल्लिखित भेदलाई भाषिका नै मानेको पाइन्छ। खतिवडाले ठाकुर र साकोटालाई उद्धृत गर्दै नेपाली भाषाको समाज भाषिक सर्वेक्षण (२०१४) मा अछामी, बैतडेली, बझाङी, बाजुराली, भेरी, दैलेखी, दार्चुलेली, गण्डकेली, हुम्ली, पुर्बेली र सोरडीजस्ता भाषिका रहेको उल्लेख गरिएको सन्दर्भलाई प्रस्तुत गरेका छन् (खतिवडा,२०७८, पृ. २९९)। भाषावैज्ञानिक आधारमा यिनीहरू छुट्टै भाषाका रूपमा सूचीकृत हुन नसकेमा यिनीहरूलाई नेपाली भाषाकै भाषिका मान्नुपर्ने हुन्छ।

**मैथेली.** जनगणना २०६८ र २०७८ अनुसार नेपालको दोस्रो ठूलो भाषा मैथेली हो। २०७८ को तथ्याङ्कअनुसार ३२,२२,३८९ (११.०५%) र २०६८अनुसार नेपालमा ३०,९२,५३० (११.६७%) जनाले मातृभाषाका रूपमा प्रयोग गर्दछन्। सगरमाथा अञ्चलका सप्तरी, सिराहा र जनकपुर अञ्चलका धनुषा, महोतरी तथा सर्लाही जिल्लामा मुख्य रंपमा र सुनसरी, मोरङ र झापा जिल्ला केही मात्रामा बोलिने यस भाषामा साहित्य, पत्रपत्रिका, चलचित्र, श्रव्यदृश्य सञ्चार सबै पक्षको राम्रो प्रयोग रहनाका साथै प्राथमिकदेखि स्नातकोत्तर तहसम्मनै यस भाषामा नेपालमा पठनपाठन हुनाले यसको स्तर निकै राम्रो देखिन्छ।

**भोजपुरी.** नारायणी अञ्चलका रौतहट, बारा, पर्सा र त्यसको आसपासका साथै जनकपुर अञ्चलको सर्लाही, लुम्बिनी अञ्चलका नवलपरासी, रूपन्देही, लगायतका जिल्लामा बोलचालमा रहेको यो भाषा भारतको भोजपुरा राज्यमा मुख्य भाषाका रूपमा बोलिन्छ। जनगणना २०७८ को तथ्याङ्क अनुसार नेपालमा १८,२०,७९५ (६.२४%) जनाले र जनगणना २०६८ को तथ्याङ्क अनुसार नेपालमा १५,८४,९५८ (५.९८%) जनाले मातृभाषाका रूपमा प्रयोग गरिरहेको यस भाषामा पत्रपत्रिका, चलचित्र, श्रव्यदृश्य सञ्चारहरू प्रयोगमा आएका छन्। नेपालमा यस भाषामा प्राथमिकदेखि उच्च शिक्षासम्म नै पठनपाठनको क्रम सञ्चालन भएको छ। कैथी लिपिको प्रयोग गरिनेयस भाषाको वक्तासङ्ख्यामा केही मात्रामा वृद्धि भएको देखिन्छ।

**थारू.** नेपालको भाषिक तथ्याङ्कअनुसार वक्ता सङ्ख्याका दृष्टिले थारू चौथो ठुलो भाषिक समुदाय भनिन्छ। जनगणना २०६८ अनुसार नेपालमा १५,२९,८७५ अर्थात् ५.७७ % प्रतिशत र २०७८ अनुसार १७,१४,०९१ अर्थात् ५.८८ % प्रतिशत थारूहरूले मातृभाषाका रूपमा थारू भाषा प्रयोग गरिहेका छन्। यो भाषा नेपालका पूर्वदेखि सुदुर पश्चिमसम्मकै तराई क्षेत्रमा बोलिन्छ। महाकाली अञ्चलका कञ्चनपुर, डडेल्धुरा, सेती अञ्चलको कैलाली, भेरी अञ्चलका बाँके, बर्दिया, राप्ती अञ्चलको दाङ, लुम्बिनी अञ्चलका रूपन्देही, कपिलवस्तु, नारायणी अञ्चलका बारा, पर्सा, चितवनका साथै मेची, कोसी तथा सगरमाथा अञ्चलका झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा लगायतका क्षेत्रमा थारू भाषा बोलचालमा रहेको पाइन्छ। व्यापक भौगोलिक विस्तार रहेका कारण यस भाषामा राना, बाँके, दाङ, चितवन, बारा, सप्तरी र सुनसरी गरी सातवटा भाषिका रहेको छन्।समृद्ध लोकसाहित्यिक परम्परा रहेको थारू भाषामा व्याकरण तथा कोश सम्पादन, पत्रपत्रिका प्रकाशन, चलचित्र निर्माण, श्रव्य र दृश्य सञ्चारमा उपयोग जस्ता कार्यहरू भएका देखिन्छन्।

**बज्जिका.** बज्जिका जनगणना २०५८ देखि मात्र सूचीकृत गरिएको भाषा हो। २०६८ को तथ्याङ्कअनुसार ७९३४१६ अर्थात् २.९९% वक्ताले र २०७८ अनुसार नेपालमा यो भाषा प्रयोग गर्नेहरूको सङ्ख्या ११,३३,७६४ अर्थात् ३.८९% रहेको छ। १० वर्षका अवधिमा यस भाषामा निकै वृद्धि भएको तथ्याङ्कले देखाएको छ। यो भाषा रौतहत, महोत्तरी तथा सर्लाहीमा प्रयोग गर्दै आएको पाइन्छ।

**अवधी.** अवधी भाषा संस्कृतको अर्धमागधी प्राकृतबाट विकसित भएको मानिन्छ। २०६८ सालको तथ्याङ्कअनुसार ५,०१,७५२ वा १.७९ ३७% वक्ताहरूले अवधी भाषालाई मातृभाषाका रूपमा प्रयोग गरेको देखिन्छ भने २०७८ अनुसार नेपालमा अवधीभाषी वक्ताहरूको सङ्ख्या ८,६४,२७६ वा २.९६% रहेको छ। नेपालका कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, रूपन्देही, नवलपरासी आदि पश्चिम तराईँका क्षेत्रमा बोलचालमा रहेको यो भाषा प्राचीन कालदेखि नै लेख्य रूपमा विकसित हुँदै आएको पाइन्छ। नेपालमा यस भाषामा प्राथमिकदेखि उच्च शिक्षासम्म केही क्षेत्रमा अध्ययनअध्यापन हुँदै आएको पाइन्छ भने हाल यस भाषामा पत्रपत्रिका, चलचित्र, रेडियो, सञ्चार शब्दकोश, व्याकरण तथा साहित्य जस्ता सबै पक्षमा सचेत रूपमा विकास हुँदै आएको पाइन्छ।

**उर्दू.** नेपालमा मुसलमानले मातृभाषाका रूपमा प्रयोग गर्दै आएको उर्दू भाषा नेपालमा महोत्तरी लगायतका तराईँका जिल्लामा प्रयोग हुँदै आएको छ । नेपालमा जनगणना २०६८ को तथ्याङ्कअनुसार ६९१५४६ वा २.६१% ले र २०७८ अनुसार ४,१३,७८५ अर्थात् १.४२% ले मातृभाषाका रूपमा उर्दू भाषाको प्रयोग गरेको पाइन्छ। यो गणनामा यो भाषाको जनसङ्ख्यागत अवस्था केही मात्रामा खस्किएको देखिएको छ। हिन्दी तथा अन्य तराइली भाषासँग मिल्दोजुल्दो भएका कारणले तथ्याङ्कमा तलमाथि हुनु खासै आश्चार्यलाग्दो भने देखिँदैन।

**मगही.** भारतको मगध प्रदेशमा विकसित भाषालाई मगही भाषा भन्ने गरिएको पाइन्छ। यो मागधी प्राकृतबाट विकसित भएको भाषा हो। यो भाषा नेपालका पूर्वी तथा मध्य तराई क्षेत्रमा बोलिन्छ। यो भाषा पनि जनजिब्रोमा नै सीमित रहेको पाइन्छ। २०६८ को तथ्याङ्कमा ३५,६१४ अर्थात् ०.१३% वक्ताले बोल्ने भनिएको यो भाषा वि.सं. २०७८ मा आउँदा उल्लेख्य रूपमा वृद्धि भई यसको वक्तासङ्ख्या २,३०,११७ अर्थात् ०.७९ % पुगेको देखिन्छ। यो तथ्याङ्कले मगही भाषाको विगतको तथ्याङ्कमा केही त्रुटि भयो कि भन्ने सम्भावना देखिन्छ।

**राजवंशी.** राजवंशी जातिले प्रयोग गरेका आधारमा यसलाई राजवंशी भाषा भनिएको छ। मागधी प्राकृतबाट विकसित भएको यो भाषा नेपालका झापा, मोरङ र सुनसरीका राजवंशीहरूले मातृभाषाका रूपमा प्रयोग गर्दछन्। जनगणना २०६८ को तथ्याङकअनुसार १.२२.२१४ अर्थात् ०.४६% ले प्रयोग गर्दै आएको यो भाषा २०७८ को तथ्याङ्कअनुसार नेपालमा १,३०,१६३ वा ०.४५% ले

मातृभाषाका रूपमा प्रयोग गरिरहेको पाइन्छ । यस भाषामा केही प्राचीन भाषिक सामग्री प्राप्त भए पनि यसको सामाजिक स्थिति दृष्टिले कमजोर नै रहेको छ ।

भारोपेली परिवारका उल्लिखित भाषाहरू एक लाखभन्दा बढी वक्ता भएका कारण निकै सक्षम देखिए पनि अन्य भाषाको अवस्था दुवै जनगणनाको तथ्याङ्कलाई हेर्दा निकै कमजोर रहेको पाइन्छ । यस परिवारका नेपालमा मातृभाषाका रूपमा बोलिने हिन्दी, रानाथारू, दनुवार, अङ्गिका, माझी, गनगाई, बङ्ला, मारवाडी र ताजपुरिया भाषामा बिस हजारसम्म वक्ताहरू रहेका देखिन्छन् । यिनीहरूमा पनि हिन्दी भारतको मुख्य भाषा भएको हुनाले यो आफैँमा भने समृद्ध रहेको पाइन्छ । रानाथारू भाषाचाहिँ जनगणना २०७८ देखि मात्र सूचीकरण भएको भाषा हो । यस परिवारका कुमाल, मुसलमान, संस्कृत, दरै र बोटे भाषामा बिस हजारभन्दा मुनि पाँच हजारसम्म वक्ता रहेका छन् । यी पनि नेपालका कमजोर भाषा हुन् । संस्कृतचाहिँ आफैँमा समृद्ध शास्त्रीय भाषा हो । भारोपेली परिवारका केवरत, डोने, सद्री, इङ्लिस तथा सोनहा भाषामा चाहिँ तीन हजारभन्दा कम वक्ता रहेका छन् । यी नेपालका अत्यन्तै कमजोर अवस्थामा रहेका भाषा हुन् । इङ्लिस भने विश्वको समृद्ध भाषा मानिन्छ । यी भाषाहरूबाहेक पन्जाबी, कुर्माली,कोचे, सिन्धी, मालपाँडे, सधानी र हरियान्वी, ओरिया, आसामी, गढवाली, फ्रेन्च, स्पेनिस र रसियन भाषाहरू बोलिए पनि यी भाषाका वक्ताहरू अत्यन्तै सीमित सङ्ख्यामा बोलचालमा रहेका देखिन्छन् । नेपालमा यी भाषा बोल्नेहरूको सङ्ख्या प्रत्येक भाषामा १,००० भन्दा कम रहेको पाइन्छन् । जनगणना २०७८ मा यस परिवारका ओरिया, आसामी, गढवाली, फ्रेन्च, स्पेनिस, र रसियन भाषाहरूलाई अत्यन्तै थोरै वक्ता भएका कारण एकमुष्ट अन्य भनेर राखिएको पाइन्छ ।

***भोटबर्मेली परिवारका भाषाहरू***

नेपालमा भोटबर्मेली परिवारका जनगणना २०६८ अनुसार ६८ वटा र २०७८ अनुसार ७१ वटा भाषाहरू बोलिन्छन् । यीमध्ये २९ वटा भाषाहरू त राई समूहकै रहेका छन् । यस परिवारका धेरै भाषाहरूको अवस्था निकै कमजोर रेहेको देखिन्छ । ५०,००० सम्म मातृभाषी रहेका यस परिवारका निम्नअनुसारका भाषाहरूचाहिँ तुलनात्मक रूपमा जीवन्त अवस्थतामा नै रहेका देखिन्छन् :

**तामाङ.** भोट बर्मेली परिवारका भाषाहरूमध्ये नेपालमा तामाङ सबैभन्दा बढी वक्ता सङ्ख्या भएको भाषा हो । नेपालमा जनगणना २०६८ मा १३,५३,३११ अर्थात् ५.१० प्रतिशत र २०७८ अनुसार १४,२३,०७५/४.८८% वक्ताहरू रहेको यो भाषा नेपालका सम्पूर्ण भाषाहरूमा पाँचौ स्थानमा आउँछ । यो भाषा नेपालका पहाडी जिल्लामा विशेष रूपमा बोलिन्छ । रसुवा, धादिङ, नुवाकोट, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, काठमाडौँ, ललितपुर, भक्तपुर, पाँचथर, भोजपुर, उदयपुर, धनकुटा, लगायतका जिल्लाहरूमा तामाङ भाषा बोलचालमा रहेको छ । तामाङ भाषाको लोकपरम्परा निकै समृद्ध भए पनि यस लेख्य परम्परा भर्खरै मात्र विकसित भएको पाइन्छ । अहिले यसको लेख्य स्वरूपका लागि परम्परागत रूपमा तिब्बती लिपिको प्रयोग गरिए पनि नेपालमा देवनागरी लिपिका प्रयोग गरिएको पाइन्छ । नेपालमा यस भाषामा प्राथमिक तहदेखि उच्च शिक्षासम्म नै शिक्षा दिने उद्देश्य अनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन हुँदै गरेको पाइन्छ भने श्रव्य तथा दृश्य सञ्चारका साथै चलचित्रमा समेत तामाङ भाषाको प्रवेश भइसकेको देखिन्छ ।

**नेपालभाषा (नेवारी).** नेपालभाषा (नेवारी) नेपालको प्राचीन तथा समृद्ध जाति हो । नेवार भाषाको खास क्षेत्र काठमाडौँ उपत्यका तथा त्यसको आसपासको क्षेत्र हो । सिन्धुपाल्चोक, मकवानपुर, रामेछाप, काभ्रेपलाञ्चोक, म्याग्दी, तनहु, कास्की, सुनसरी, धनकुटा लगायतका क्षेत्रमा नेवारभाषी वक्ताहरूको बसोबास रहेको पाइन्छ । नेपालमा जनगणना २०६८ अनुसार ८,४६,५५७ अर्थात् ३.१९

प्रतिशत २०७८ अनुसार ८,६३,३८०/२.९६% नेवारभाषी वक्ताहरू बसोबास गर्दछन् । आफ्नै रञ्जना लिपिका साथै समृद्ध लेख्य परम्परा रहेको यस भाषामा प्राथमिक देखि उच्च तहसम्म नै पठनपाठन हुँदै आएको छ भने यसको लोक साहित्य पनि उत्तिकै समृद्ध रहेको छ । सूचना, सञ्चार, चलचित्रसम्म विस्तारित हुँदै गएको यस भाषामा थुप्रै साहित्यिक रचनाको निर्माण गरिएको पाइन्छ ।

**मगर ढुट.** २०६८ का तथ्याङ्कमा भने मगर (७,८८,५३०/२.९७ प्रतिशत) र खाम (२७,११३/०.१० प्रतिशत) छुट्टाछुट्टै सूचीकरणा यी भाषाहरूलाई जनगणना २०७८ मा मगर ढुट, मगर खाम र मगर काइके नामले छुट्टाछट्टै सूचीकत गरिएको छ । यी भाषाहरूको भाषावैज्ञानिक अध्ययन गरी यिनीहरू फरक फरक भाषा हुन् कि भाषिका हुन् सूक्ष्म अध्ययन गर्नु आवश्यक देखिन्छ । २०७८ को तथ्याङ्कअनुसार नेपालमा मगर ढुटका ८,१०,३१५(२.७८%) मगर खामका ९१,७५३(०.३१%) र मगर काइकेका १,२२५ (०.००%) वक्ताहरू रहेका छन् । यस भाषाका वक्ताहरू मूलत: गण्डकी र लुम्बिनी अञ्चलमा बसोबास गरे पनि यी क्षेत्रबाहेक अन्य क्षेत्रमा पनि मगरहरूको बसोबास रहेको पाइन्छ । गोरखा, तनहुँ, स्याङ्जा, पाल्पा, गुल्मी, सल्यान, रोल्पा, प्युठान, रुकुम, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, कालीकोट, आछाम, डोटी, डढेल्धुरा, लगायतका जिल्लामा मगरभाषीहरूको बसोबास रहेको पाइन्छ । मगर भाषाको लामो एतिहासिक परम्परा रहे पनि यसको लेख्यपरम्परा भने त्यति सुदृढ्ढ हुन सकेको देखिंदैन । अहिले आएर यस भाषामा पत्रिका प्रकाशन, श्रव्य सञ्चारमा उपयोग, कोश सम्पादन, व्याकरण लेखन हुनाका साथै प्राथमिक तहसम्म शिक्षा दिनका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखनसम्बन्धी कार्यहरूको सुरुवात भएको देखिन्छ ।

**याक्थुङ/लिम्बू.** याक्थुङ वा लिम्बू भोटबर्मेली परिवारको सम्पन्न भाषा भित्रै पर्दछ । २०६८ का तथ्याङ्कमा यसलाई लिम्बू मात्र भनिएको छ । यो भाषाको लिम्बू जातिका आधारमा नामकरण गरिएको भए पनि २०७८ को गणनामा चाहिँ यसलाई याक्थुङ नाम दिई विशेष पहिचान गराइएको छ । २०६८ को तथ्याङ्गमा लिम्बू मातृभाषी हुनेको सङ्ख्या ३,४३,६०३ (१.२९%) रहेको देखिन्छ भने २०७८ को तथ्याङ्कअनुसार नेपालमा जम्मा ३५०४३६ (१.२%) लिम्बू मातृभाषीहरू रहेका छन् । कोशी प्रदेशमा मात्र ३३२५१२ वक्ताले मातृभाषाका रूपमा लिम्बूभाषाको प्रयोग गरेक आधारमा यो प्रदेश नै यसको मूल क्षेत्र रहेको देखिन्छ । यसका पान्थरे, छथरे, फेदापे, मेवाखोले, कोयाखोलेजस्ता भाषिका तथा उपभाषिकाहरू रहेका आधारमा यसलाई निकै समृद्ध र जीवन्त मान्न सकिन्छ । यस भाषामा उच्च माध्यमिक तहसम्म नै पठनपाठन हुन थालेको छ भने साहित्य, सञ्चार, चलचित्र आदिका क्षेत्रमा यसको विस्तार भइसकेको छ । कोश सम्पादन तथा व्याकरण लेखनका क्षेत्रमा समेत निकै काम भइसकेकाले यो भाषा कोशी प्रदेशमा अन्य जनजातीय भाषाहरूका तुलनामा निकै सम्पन्न रहेको निष्कर्षमा पुग्न सकिन्छ । कोशी प्रदेशका १४ जिल्लामध्ये ताप्लेजुङ र पाँचथर जिल्लामा लिम्बू मातृभाषीको सङ्ख्या पहिलो स्थानमा रहेको छ लिम्बू भाषालाई भाषा आयोगले कोशी प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरेको छ ।

**राई.** राई भनेको भाषा नभएर महाजाति भए पनि २०६८ र २०७८ को गणनाले राईलाई भाषाका रूपमा अभिलेखन गरेको छ । यसले त्यस जातिभित्रको साझा नामलाई जनाउँछ । २०६८को तथ्याङ्कमा १,५९,११४(०.६%) उल्लेख भएको यो भाषा अहिलेको गणनामा १४४५१२ (०.५%) ले मातृभाषाका रूपमा बोल्ने गरेको तथ्य अगाडि सारिएको छ । यो भाषाको केन्द्रीय क्षेत्र नै कोशी प्रदेश हो । यस प्रदेशमा मात्र राई मातृभाषा बोल्नेको सङ्ख्या ९१७४६ रहेको छ जुन समग्र राई मातृभाषीको तथ्याङ्कअनुसार ६३.४८% र यो प्रदेशको भाषिक तथ्याङ्कअनुसार १.८४% हुन आउँछ । कोशी प्रदेशका सबै जिल्लाका यस भाषाका वक्ताहरूको विस्तार रहेको पाइन्छ ।

**बान्तावा.** जनगणना २०७८ को तथ्याङ्कले वान्तावा भाषालाई राई समूहको राईभन्दा पछिको सबैभन्दा ठुलो भाषाका रूपमा सूचीकृत गरेको छ । यो तथ्याङ्कले समग्र नेपालमा बान्तावाभाषी मातृभाषीहरूको सङ्ख्या १,३८,००३ (०.४७%) देखाएको छ । २०६८ को तथ्याङ्कमा बान्तावा मातृभाषीको सङ्ख्या १,३२,५८३(०.५०%) देखाइएको छ । अहिलेको तथ्याङ्कअनुसार कोशी प्रदेशमा

१३३७४५ जना व्यक्तिले मातृभाषाका रूपमा वातान्वा भाषाको प्रयोग गर्दछन् । भोजपुरमा नेपाली पछि दोस्रो स्थानमा बान्तावा भाषाको स्थान देखिन्छ भने धनकुटा, इलाम, झापा, मोरङ, सुनसरी जिल्लामा पनि यो भाषा बोल्ने वक्ताहरू उल्लेख्य सङ्ख्यामा रहेका छन् । दिल्पाली, हतुवाली, आम्चोके र धनकुटेजस्ता भाषिकाहरू रहेको यो भाषा राई समूहका भाषाहरूमध्येकै सम्पन्न मानिएको छ । नेपालका बान्तावाभाषी क्षेत्रका केही विद्यालयहरूमा मातृभाषा शिक्षाअन्तर्गत प्राथमिक तहसम्म ऐच्छिक विषयका रूपमा यस भाषाको पठनपाठन हुनाका साथै यस भाषामा नियमित रूपमा पत्रिका प्रकाशन, साहित्य लेखन, कोश निर्माण तथा व्याकरण लेखन कार्य भइसकेका देखिन्छन् ।

**गुरुङ.** नेपालका गुरुङ जातिले बोल्ने भाषालाई गुरुङ भाषा भनिन्छ । गुरुङ भाषको मूल थलो गण्डकी र धौलागिरी अञ्चल हो तर अहिले यो भाषा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै विस्तारित भएको देखिन्छ । मनाङ, मुस्ताङ, कास्की, लमजुङ, तनहु, स्याङ्जा, गोर्खा आदि जिल्लामा यिनीहरूको बाक्लो बसोबास रहेको पाइन्छ । २०६८ को तथ्याङ्क अनुसार नेपालमा ३,२५,६२२(१.२२%) र २०७८ अनुसार ३,२८,०७४ (१.१२%) गुरुङभाषी वक्ताहरू रहेका देखिन्छन् । यो भाषा लोक साहित्य तथा संस्कृतिका दृष्टिले निकै समृद्ध मानिन्छ । यस भाषामा व्याकरण लेखन, शब्दकोश सम्पादन, पाठ्यपुस्तक निर्माण चलचित्र, निर्माण, पत्रपत्रिका तथा दृश्यसञ्चारमा प्रयोगजस्ता काम भएका छन् ।

**शेर्पा** : शेर्पा शेर्पा जातिको मातृभाषा हो । नेपालको सोलुखुम्बु जिल्ला शेर्पाहरूको मुख्य क्षेत्र हो । यसका अतिरिक्त दोलखा, रामेछाप, मनाङ, मुस्ताङ, हुम्ला आदि हिमाली जिल्लामा शेर्पाहरूको बसोबास रहेको पाइन्छ । २०६८ को भाषिक तथ्याङ्कअनुसार १,१४,८३० (०.४%) र २०७८ अनुसार नेपालमा ११७,८९६ (०.४%) शेर्पा भाषी वक्ताहरू रहेका पाइन्छन् । यो भाषा तिब्बती लिपिमा लेखिए पनि नेपालमा यसको लेख्य परम्परा त्यति सुदृढ हुन सकेको देखिँदैन ।

उल्लिखित भाषाहरूबाहेकका यस परिवारका चाम्लिङ, चेपाङ, कुलुङ, सुनुवार, थामी, थुलुङ, घले, साम्पाङ, धिमाल भाषामा २०००० भन्दा बढी वक्ताहरू रहेको २०६८ र २०७८ को भाषिक तथ्याङ्कले देखाएको छ । यी भाषाहरू निश्चित भूगोलमा बोलचालमा रहनाका साथै यिनीहरूका प्रकार्यमा केही मात्रामा विस्तार भएकाले केही मात्रामा सुरक्षितजस्ता देखिन्छन् । खालिङ, वाम्बुले, बाहिङ, याख्खा, भुजेल, भोटे, याम्फू, नाछिरिङ, ह्योल्मोजस्ता यस परिवारका भाषामा २०००० देखि १०००० सम्मको जनसङ्ख्यागत अवस्था रहेको छ । यस तथ्याङ्कले यी भाषाको अवस्था पनि निकै कमजोर बन्न पुगैको देखिन्छ । यसरी नेपालमा भोटबर्मेली परिवारका ७१ वटा भाषामध्ये २६ वटा भाषामा मात्र १०,००० भन्दा बढी वक्ता रहेका देखिन्छन् । अरू दुमी, मेवाहाङ, पुमा, पहरी, आठपहरिया, दुङमाली, जिरेल, तिब्बती, चुमनुब्री/, छन्त्याल, राजी, थकाली, मेचे, कोयी, लोहोरुङ, मुगाली, जेरोजेरुङ/, कर्मारोङ, छिन्ताङ, ल्होपा, लाप्चा, मनाङे, छिलिङ, दुरा, तिलुङ, ब्याँसी, बराम, बरागुङ्वा, मगर काइके, हायुवायु/, धुलेली, खाम्ची, लिङ्खिम, लोवा, कागते, वालिङ, नार-फू, ल्होमी, तिछुरोङ पोइके, फाङ्दुवाली, बेल्हारे, सुरेल, साम, बन्करिया, नागामेसे र अरबी भाषाहरूभाषाको जनसङ्यागत अवस्था निकै कमजोर रहेको पाइन्छ । जनगणना २०७८ मा २०६८ का तथ्याङ्कमा उल्लेख भएका यस परिवारका चाइनिज, जोङ्खा, मिजो, कुकी, नागामेसे र अरबीलाई हटाई अन्यअन्तर्गत समावेश गरिएको पाइन्छ ।

***अग्नेली परिवारका भाषाहरू***

नेपालमा २०७८ को जनगणनाअनुसार अग्नेली परिवारका सन्थाली, खरिया र मुन्डा/मुदियारी गरी तीनवटा भाषा बोलिन्छन् । २०४८ का जनगणना विवरणमा अग्नेली परिवारअन्तर्गत सतार भाषालाई राखिएको थियो भने २०५८ मा सतार र सन्थाल दुइटा भाषालाई र २०६८ मा सन्थाली र खारिया दुइटा भाषालाई समावेश गरिएको देखिन्छ भने अहिले यसअन्तर्गत मुन्डा वा मुदियारी भाषालाई पनि सूचीकरण

गरिएको पाइन्छ । सन्थाली सतार जातिले बोल्ने भाषा हो । यो भाषा विशेषगरी भारत, बङ्गलादेश, भुटान र नेपालमा बोलिन्छ । यस परिवारका भाषाहरूलाई भारतवर्षको सर्वप्राचीन भाषाका रूपमा लिने गरिएको छ(गौतम र चौलागाईँ, २०६७, पृ.३८३) । नेपालमा यो भाषा विशेषगरी झापा, मोरङ, सुनसरी जिल्लाका सतारहरूले मातृभाषाका रूपमा बोल्ने गरेका छन् । यस भाषामा सीमित काम मात्र भए पनि कथ्य रूपमा चाहिँ यो भाषा जीवन्त नै रहेको देखिन्छ । खरिया र मुन्डा वा मुदियारी पनि अग्नेली परिवारका विशिष्ट भाषा हुन् । जनगणना २०६८ अनुसार सिङ्गो नेपालमा सन्थाली भाषा ४९,८५८ (०.१८%) र खरिया भाषा २३८ (०.००%) मातृभाषीले र जनगणना २०७८ अनुसार सन्थाली भाषा ५३६७७ (०.१८%) मुन्डा वा मुदियारी भाषा २१०७ (०.०१%) र खरिया भाषा १३२ (०.००%) मातृभाषीले प्रयोग गरेको देखिन्छ । नेपालमा यी भाषाहरू पनि कथ्य रूपमा नै जीवित हुनाका साथै सीमित सङ्ख्यामा बोलचालमा प्रयोग भएका छन् ।

***द्रबिड परिवारका भाषाहरू***

नेपालमा द्रबिड परिवारका उरावँ र किसान दुइटा भाषा बोलचालमा रहेका छन् । जनगणना २०६८ र २०७८ अनुसार सिङ्गो नेपालमा यी दुइटा भाषाको अवस्था सामान्य नै रहेको छ । यी भाषाहरूमध्ये उरावँ भाषा निकै सम्पन्न देखिन्छ । नेपालमा जनगणना २०६८ अनुसार ३३,६५१ अर्थात् ०.१२ प्रतिशतले र २०७८ अनुसार ३८८७३ अर्थात् ०.१३ प्रतिशत मातृभाषीले मातृभाषाका रूपमा यसको प्रयोग गरेको देखिन्छ । नेपालमा उरावँ वा उराउलाई झाँगड वा धाँगड जातिका रूपमा चिनिने गरेको छ । यिनीहरू आफूलाई उराँव वा कुडुख भनेर चिनाउने गरेको पाइन्छ । उराउहरू इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, उदयपुर, सिरहा, महोत्तरी, धनुषा, रौतहट, बारा, पर्सा, ललितपुर, काठमाडौं, कपिलवस्तु ,महेन्द्रनगर र कञ्चनपुर जिल्लामा रहेका छन् ।

किसान नेपालका अल्पसंख्यक जातिमा पर्दछ । नेपालमा जनगणना २०६८ अनुसार १,१७८ अर्थात् ०.०० प्रतिशतले र २०७८ अनुसार १,००४ अर्थात् ०.०० प्रतिशतले मातृभाषाका रूपमा यसको प्रयोग गरेको देखिन्छ । यस जातिको बसोवास मेचीनगर नगरपालिकामा मात्र देखिन्छ । किसानहरूले मातृभाषाका रूपमा किसान भाषाको प्रयोग गर्दछन् । 'किसान भाषा' किसान समुदायबाहेक झापा जिल्लाका अन्य मुण्डा, खडिया, उराँव, रौतिया, कवँर, मालपाहाडे, ग्वाल, करुवाले पनि सम्पर्क भाषाको रूपमा बोल्दछन् ।

***एकल परिवारको भाषा***

कुसुन्डा भाषालाई एकल परिवारअन्तर्गत राखिएको पाइन्छ । संसारका अरू कुनै भाषा परिवारसँग पनि नमिल्ने तथा कुनै पूर्वज भाषाबाट विकसित नभएका आधारमा यसलाई एकल नामकरण गरिएको हो (यादव,२०७४. पृ.३१६) । यो भाषा पश्चिम नेपालका प्युठान तथा सल्यानतिरका घना जङ्गलमा बस्ने आदिवासीहरूले बोल्ने गरेका छन् । पहिले लोप भएको, एकजना राजामामाले मात्र केही शब्द बताउन सक्ने भनिएको यस भाषाका वक्ताहरू वि.सं. २०५८ को तथ्याङ्कअनुसार १६४ जना गनिएका थिए भने वि.सं. २०६८ को तथ्याङ्कमा यो भाषा बोल्नेहरूको सङ्ख्या २८ जना रहेको उल्लेख पाइन्छ । २०७८ को भाषिक तथ्याङ्कअनुसार नेपालमा कुसुन्डा भाषा बोल्ने वक्ताको सङ्ख्या २३ जना रहेको देखिन्छ ।

***अन्य भाषिक तथ्याङ्क***

जनगणना २०६८ मा उल्लेख भएका १२ वटा भाषाहरूलाई २०७८ को गणनामा वक्तासङ्ख्या सीमित भएका आधारमा अन्य वर्गमा सूचीकरण गरिएको छ । यसै गरी जनगणना २०६८ र २०७८ मा पहिचान नभएका र अन्य भनी केही सङ्ख्यालाई सूचीकृत गरेको पाइन्छ । यसका अतिरिक्त दुवै गणनामा साङ्केतिक भाषालाई छुट्टै सूचीकरण गरेको छ । नेपालमा जनगणना २०६८ अनुसार ४,४७६ अर्थात् ०.०१ प्रतिशतले र २०७८ अनुसार १,७८४ अर्थात् ०.०१ प्रतिशतले साङ्केतिक भाषाको प्रयोग गरेको देखिन्छ । यसै गरी जनगणना

२०६८ मा पहिचान नभएका भनेर ४७७१८ (०.०१%) र अन्य भनेर २११७३ (०.०७%) मातृभाषीको सङ्ख्या उल्लेख गरिएको छ भने जनगणना २०७८ मा पहिचान नभएका भनेर ३४६ (०.००%) र अन्य भनेर ४२०१ (०.०१%) मातृभाषीहरूको तथ्याङ्क राखिएको छ ।

**जनगणना २०६८ र २०७८ को भाषिक तथ्याङ्कका केही विशिष्ट पक्षहरू**

जनगणना २०६८ र २०७८ को तुलनात्मक विश्लेषण गर्दा कही महत्त्वपूर्ण तथ्यहरू प्राप्त भएका छन् । भाषासङ्ख्यामा थपघट हुनु एउटा महत्त्वपूर्ण पक्ष हो । जनगणना २०७८ का २०६८ मा उल्लेख भएका ओरिया, आसामी, चाइनिज, जोङ्खा, गढवाली, फ्रेन्च, मिजो, कुकी, रसियन, स्पेनिस, नागामेसे र अरबी १२ वटा भाषाहरूलाई हटाई रानाथारु, भोटे, चुम/नुब्री, केवरत, डोने, कर्माराेङ, मुन्डा/मुदियारी, बरागुन्वा, सद्री, लोवा, नार–फू, तिछुरोङ/पोइके र मुगाली नयाँ १३ वटा भाषाहरू थपिएका छन् । यद्यपि यी हटाइएका भाषाहरू सीमित वक्ता भएकै कारण सूचीकरणभन्दा बाहिर परेका हुन् । अहिलेका गणनामा यिनीहरूलाई अन्यअन्तर्गत समावेश गरिएको देखिन्छ । यी भाषाहरूलाई समेत सूचीकरण गर्ने हो भने हाल नेपालमा १३६ भाषाहरू रहेको पुष्टि हुन्छ । नेपालमा अझै पनि वास्तविक भाषाहरूको तथ्याङ्क प्राप्त भइनसकेको सन्दर्भलाई यसले पनि स्पष्ट पारेको छ । बन्धुले माइकल नुननलाई उद्धृत गर्दै नेपालमा १४० वटा भाषा बोलिने सन्दर्भ अगाडि सारेका छन् (बन्धु, २०७३, पृ. २०९) । बन्धुको यो तथ्यलाई यी गणनाले पुष्टि गर्न खोजेकै देखिन्छ । भाषासङ्ख्यामा नै थपघट हुने क्रममा यो दश वर्षमा २६,७०,०७४ मातृभाषीहरू थपिँदा भारीपेली परिवारमा २४,७४,४८२ र भोटबर्मेली परिवारमा २,५१,७६५ मातृभाषीहरू थपिएका छन् । अग्नेली परिवारमा मुन्डा वा मुदियारी एउटा भाषा थप हुनाका समग्रमा ५८२० मातृभाषी थपिएका छन् भने द्रबिड परिवारमा ५०४८ मातृभाषी थपिएका छन् । यस तथ्याङ्कले तुलनात्मक रूपमा भोटबर्मेली परिवारका भाषाहरूको अवस्था खस्कँदै गएको देखाएको छ । समग्रमा यी दुई तथ्याङ्का आधारमा नेपालको भाषिक स्थिति निम्नअनुसार देखिन्छ :

**तालिका २**

*जनगणना २०६८ र २०७८ को भाषिक तथ्याङ्को अवस्था*

| | २०६८को भाषिक तथ्याङ्क | | | २०७८को भाषिक तथ्याङ्क | | |
|---|---|---|---|---|---|---|
| भाषापरिवार | भाषा | वक्तासङ्ख्या | प्रतिशत | भाषा | वक्तासङ्ख्या | प्रतिशत |
| भारोपेली | ४८ वटा | २,१७,५३,३८५ | ८२.१० | ४६ वटा | २४२२७८६७ | ८३.०७ |
| भोटबर्मेली | ६९ वटा | ४५८२७९९ | १७.२९ | ७१ वटा | ४८३४५६४ | १६.५७ |
| आग्नेली | २ वटा | ५००९६ | ०.१८ | ३ वटा | ५५९१६ | ०.१९ |
| द्रबिडेली | २ वटा | ३४८२९ | ०.१३ | २ वटा | ३९८७७ | ०.१३ |
| एकल | १ वटा | २८ | ०.०० | १ वटा | २३ | ०.०० |
| साङ्केतिक | १ वटा | ४,४७६ | ०.०१ | १ वटा | १७८४ | ०.०० |
| अन्य | अन्य | २११७३ | ०.०७ | | ४२०१ | ०.०१ |
| पहिचान नभएका | | ४७७१८ | ०.१८ | | ३४६ | ०.०० |
| जम्मा | १२३ वटा | २,६४,९४,५०४ | १०० | १२४ वटा | २,९१,६४,५७८ | १०० |

*स्रोत:* जनगणना २०६८ र २०७८ अनुसार स्वनिर्मित तालिका

जनगणना २०६८ अनुसार नेपालमा १९ वटा भाषामा र २०७८ अनुसार २१ वटा भाषामा मात्र १ लाखभन्दा बढी मातृभाषीहरू रहेका छन् भने १० हजार भन्दा बढी मातृभाषी हुनेको सङ्ख्या लगभग दुवै गणनामा ५७ वटा भाषामा मात्र देखिन्छ । अझ रोचक कुरा के देखिन्छ भने १ प्रतिशत भन्दा बढी मातृभाषा हुने भाषा दुवै गणनामा १३ वटा मात्र रहेका देखिन्छन् । यसले के देखाउँछ भने नेपालमा १२३ वा १२४ वटा भाषा भए पनि धेरै भाषामा अत्यन्तै सीमित वक्ता रहेका छन् र सीमित वक्ता भएकै कारणले यी भाषाहरू खतराका तहमा पुगेका देखिन्छन् । यी दुवै जनगणनामा उल्लेख्य मातृभाषी हुने निम्नअनुसार पाँच भाषाको अवस्था मात्र केही बढी जीवन्त देखिएको छ :

**तालिका ३**

*जनगणनामा देखिएका पाँच जीवन्त मातृभाषाहरू*

| | जनगणना वर्ष | २०६८ | प्रतिशत | २०७८ | प्रतिशत |
|---|---|---|---|---|---|
| | जम्मा मातृभाषीहरू | २,६४,९४,५०४ | १०० | २९,१६४,५७८ | १०० |
| १ | नेपाली | ११,८२६,९५३ | ४४.६३ | १३,०८४,४५७ | ४४.८६ |
| २ | मैथिली | ३,०९२,५३० | ११.६७ | ३,२२२,३८९ | ११.०५ |
| ३ | भोजपुरी | १,५८४,९५८ | ५.९८ | १,८२०,७९५ | ६.२४ |
| ४ | थारु | १,५२९,८७५ | ५.७७ | १,७१४,०९१ | ५.८८ |
| ५ | तामाङ | १,३५३,३११ | ५.१० | १,४२३,०७५ | ४.८८ |
| ६ | अन्य | ७,१०६,८७७ | २६.८२ | ७,८९९,७७१ | २७.०८ |

*स्रोत:* जनगणना २०६८ र २०७८ अनुसार स्वनिर्मित तालिका

जनगणना २०६८ का तुलनामा २०७८ मा केही भाषामा मातृभाषीहरूको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ । नेपाली भाषामा नै १२ लाखभन्दा बढी मातृभाषी थपिएका देखिन्छन् । यसै गरी २०७८ का गणनामा बज्जिकामा लगभग ४ लाख, अवधीमा लगभग ३ लाख, मगहीमा लगभग २ लाख र खसमा लगभग १ लाख मातृभाषीको सङ्ख्यामा वृद्धि भएको देखिन्छ भने उर्दूमा लगभग २ लाख, बैतडेलीमा लगभग १ लाख घटेको पनि देखिन्छ । यस किसिमको उतारचढाव सामान्य नै देखिए पनि खस भाषामा वृद्धि हुनुलाई चाहिँ नेपाली भाषा भनेकै खस भाषा हो भन्ने भ्रमजन्य बुझाइ हुनसक्छ ।

यसरी २०७८ को गणनासम्म आइपुग्दा नेपालमा १२४ भाषाहरूको बसेवास रहेको पुष्टि भएको छ । विगतको जनगणनाका तुलनामा यो गणनामा भारोपेली परिवारका भाषाहरूको अवस्था केही समुन्नत देखिएको छ । भोटबर्मेली परिवारका भाषाहरू बढी भएर पनि तामाङ, नेवारी, मगर ढुट, लिम्बू, गुरुङ, राई, बान्तावा र शेर्पा भाषामा मात्र एक लाखभन्दा वढी वक्ताहरू रहेको पाइन्छ । बाँकी सबै भाषाहरू निकै कमजोर अवस्थामा रहेका देखिन्छन् । भारोपेली परिवारका भाषाहरूमा नेपालमा किरात राई समूहका भाषाहरू लगभग ३० वटा जति बोलिन्छन् । यी भाषाहरूमध्ये बान्तावा भाषा केही समृद्ध देखिए पनि अरू भाषाको अवस्था अत्यन्त कमजोर रहेको देखिन्छ । दुर्गम पूर्वी पहाडमा प्रयोग हुनु, आधुनिकीकरण र बसाइँसराइका कारण नयाँ पुस्ताले बोल्न छाड्नु, अन्तरभाषिक विवाह तथा वैदेशिक रोजगारजस्ता

कतिपय कारणले गर्दा यस समूहका भाषामा प्रभाव परेको न्योपानेको धारणा रहेको छ (न्यौपाने, २०७४, पृ.१५)। यसरी नेपालका धेरै भाषाहरू लोपोन्मुख अवस्थामा पुगेका सन्दर्भमा यी भाषाहरूका संरक्षणका लागि राज्यका तर्फबाट सचेत प्रयास हुनु आवश्यक देखिन्छ।

## निष्कर्ष

जनगणना २०६८ र २०७८ ले नेपालमा क्रमश: १२३ र १२४ वटा भाषाहरू मातृभाषाका रूपमा बोलचालमा रहेका देखाएको छ। १० वर्षकना अन्तरालमा भाषिक तथ्याङ्कमा खासै भिन्नता नदेखिए पनि नयाँ नयाँ भाषाहरू भने सूचीकृत हुँदै गएका छन्। वक्तासङ्ख्या न्यून भएका यस्ता भाषाहरूको पहिचान हुनुलाई नयाँ सांस्कृतिक आविष्कारकै रूपमा लिन सकिन्छ। यसले नेपालमा भाषिक तथ्याङ्कको अन्वेषणमा रहेका सीमाहरूलाई खोतल्ने काम भने गरेकै देखिन्छ। यसले नेपालमा मातृभाषाको सङ्ख्या अझ बढ्ने सम्भावना देखिन्छ। यति सानो भूगोलमा १२४ भाषा बोलिनु आफैँमा गौरवको कुरा भए पनि जीवन्तताका दृष्टिले अहिले नेपालमा धेरै भाषाहरू जटिल अवस्थामा आइपुगेका छन्। अहिले नेपाली भाषालाई सरकारी कामकाजका भाषाका रूपमा निर्धारण गरिएको भए पनि प्रदेशमा अरू भाषालाई समेत सरकारी माध्यम भाषाका रूपमा स्थान दिनु सुखद कुरा हो। राज्यले कुनै न कुनै रूपमा सबै भाषालाई प्राथमिकतामा राखेमा बहुभाषा नेपालको विशेषता भन्ने मान्यता स्थापित भइरहला तर अहिले धेरै भाषाहरू तथ्याङ्कमा त देखिन्छन् वास्तविकतामा भने तिनीहरूको अवस्था निकै कमजोर रहेको देखिन्छ। सामान्यता न्यूनतम वक्ता भएका भाषाहरू सुरक्षित रहनै सक्दैनन्। अहिलेको तथ्याङ्कमा नेपालमा भारोपेली परिवारका पन्जाबी, कुर्माली, कोचे, सिन्धी, मालपाँडे, सधानी र हरियान्वी सातवटा भाषामा र चिनिया तिब्बती भाषा परिवारका धुलेली, खाम्ची, लुङ्खिम, लोवा, कागते, वालिङ, नार–फू, ल्होमी, तिछुरुङ पोइके, फाङ्दुवाली, बेलहारे, सुरेल, साम, बन्करिया, चाइनिज, जोङ्खा र मिजो सत्रवटा भाषामा एक हजारभन्दा कम वक्ताहरू रहेका छन्। यति कम वक्ता हुनु भनेकै भाषाको अस्तित्व सङ्कटमा पर्नु हो। यी सङ्कटप्राय: अवस्थामा पुगेका भाषाहरूका संरक्षणका लागि राज्यले विशेष किसिमको भाषानीति अगाडि ल्याई भाषाको संरक्षणका लागि सचेत रहनु जरुरी छ।

## सन्दर्भसामग्री


खतिवडा, कर्णाखर (२०७८), नेपाली भाषाको रूपरेखा, भित्र योगेन्द्रप्रसाद यादव र कर्णाखर खतिवडा (सम्पा,), *मातृभाषाको रूपरेखा भाग* २ (पृ., २२३-२४९), नेपाल प्रज्ञा प्रतिष्ठान।

गौतम, देवीप्रसाद र चौलागाईँ, प्रेमप्रसाद (२०६७), *सामान्य भाषाविज्ञान*, पाठ्यसामग्री पसल।

न्यौपाने, टङ्कप्रसाद (२०७४), *किरात भाषाहरू र नेपाली भाषाको व्यतिरेकी अध्ययन*, नेपाल प्रज्ञा प्रतिष्ठान।

न्यौपाने, दीपकप्रसाद (२०७३), नेपालको भाषिक परिदृश्य, *संज्ञान* (वर्ष १, अङ्क १), नेपाली शिक्षण समिति सुकुना बहुमुखी क्याम्पस, पृ १२७ – १४२।

बन्धु, चूडामणि (२०७३) , *भाषाविज्ञान* (नवौँ सं., ), साझा प्रकाशन।

यादव, योगेन्द्रप्रसाद (२०७३), नेपालमा बोलिने भाषा : सङ्कट र सम्भावना, भित्र हेमाङ्गराज अधिकारी (सम्पा.), *साठी वर्षका भाषिक चर्चा* (पृ., ३१२-३३९), नेपाल प्रज्ञा प्रतिष्ठान।

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७९), नेपालमा जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय रामशाहपथ, थापाथली, काठमाडौँ, नेपाल।

Government of Nepal, National Planning Comission Secretariat, Central Bureou of Statistics (November, 2012), *National population and Housing Census 2011*, Kathmandu

https://censusnepal.cbs.gov.np

National Statistics Office, National Population and Housing Census 2021 (National Report), (May, 2023), *National Statistics Office*.

## परिशिष्ट

### परिशिष्ट १

**जनगणना २०६८ र २०७८ मा नेपालका भाषाहरूको पारिवारिक स्थिति**

**क. भारोपेली परिवारका भाषाहरू**

| | | जनगणना २०६८ | | जनगणना २०७८ | |
|---|---|---|---|---|---|
| क्र.सं. | मातृभाषा | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | जम्मा मातृभाषीहरू | २,६४,९४,५०४ | १०० | २,९१,६४,५७८ | १०० |
| १ | नेपाली | १,१८,२६,९५३ | ४४.६३ | १,३०,८४,४५७ | ४४.८६ |
| २ | मैथिली | ३०,९२,५३० | ११.६७ | ३२,२२,३८९ | ११.०५ |
| ३ | भोजपुरी | १५,८४,९५८ | ५.९८ | १८,२०,७९५ | ६.२४ |
| ४ | थारू | १५,२९,८७५ | ५.७७ | १७,१४,०९१ | ५.८८ |
| ५ | बज्जिका | ७,९३,४१६ | २.९९ | ११,३३,७६४ | ३.८९ |
| ६ | अवधी | ५,०१,७५२ | १.८९ | ८,६४,२७६ | २.९६ |
| ७ | डोटेली | ७,८७,८२७ | २.९७ | ४,९४,८६४ | १.७ |
| ८ | उर्दू | ६,९१,५४६ | २,६१ | ४,१३,७८५ | १.४२ |
| ९ | मगही | ३५६१४ | ०.१३ | २,३०,११७ | ०.७९ |
| १० | बैतडेली | २,७२,५२४ | १.०२ | १,५२,६६६ | ०.५२ |
| ११ | अछामी | १,४२,७८७ | ०.५३ | १,४१,४४४ | ०.४८ |
| १२ | राजवंशी | १,२२,२१४ | ०.४६ | १,३०,१६३ | ०.४५ |
| १३ | खस | १,७४७ | ०.०० | १,१७,५११ | ०.४० |
| १४ | बझाङी | ६७,५८१ | ०.२५ | ९९,६३१ | ०.३४ |
| १५ | हिन्दी | ७७,५६९ | ०.२९ | ९८,३९९ | ०.३४ |
| १६ | रानाथारू | - | - | ७७,७६६ | ०.२७ |
| १७ | बाजुरेली | १०,७०४ | ०.०४ | ५६,४८६ | ०.१९ |
| १८ | दनुवार | ४५,८२१ | ०.१७ | ४९,९९२ | ०.१७ |
| १९ | दार्चुलेली | ५,९२८ | ०.०२ | ४५,६४९ | ०.१६ |
| २० | अङ्गिका | १८,५५५ | ०.०७ | ३५,९५२ | ०.१२ |
| २१ | माझी | २४,४२२ | ०.०९ | ३२,९१७ | ०.११ |
| २२ | गनगाई | ३,६१२ | ०.०१ | २६,२८१ | ०.०९ |
| २३ | बाङ्ला | २१,०६१ | ०.०७ | २३,७७४ | ०.०८ |
| २४ | मारवाडी/ राजस्थानी | २५,३९४ | ०.०९ | २१,३३३ | ०.०७ |
| २५ | डढेल्धुरी | ४८८ | ०.०० | २१,३०० | ०.०७ |
| २६ | ताजपुरिया | १८,८११ | ०.०७ | २०,३४९ | ०.०७ |
| २७ | कुमाल | १२,२२२ | ०.०४ | १८,४३५ | ०.०६ |
| २८ | मुसलमान | १,०७५ | ०.०० | १६,२५२ | ०.०६ |
| २९ | संस्कृत | १,६६९ | ०.०० | १३,९०६ | ०.०५ |
| ३० | दरै | ११,६७७ | ०.०४ | १२,१५६ | ०.०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | जुम्ली | ८५१ | ०.०० | ८,३३८ | ०.०३ |
| ३२ | बोटे | ८,७६६ | ०.०३ | ७,६८७ | ०.०३ |
| ३३ | दैलेखी | ३,१०२ | ०.०१ | ४,९८९ | ०.०२ |
| ३४ | केवरत | - | - | ३,४६९ | ०.०१ |
| ३५ | डोल्पाली | १,६६७ | ०.०० | ३,२४४ | ०.०१ |
| ३६ | डोने | - | - | ३,१०० | ०.०१ |
| ३७ | सद्री | - | - | १,३४७ | ०.०० |
| ३८ | इङ्लिस | २,०३२ | ०.०० | १,३२३ | ०.०० |
| ३९ | सोनहा | ५७९ | ०.०० | १,१८२ | ०.०० |
| ४० | पन्जाबी | ८०८ | ०.०० | ८७१ | ०.०० |
| ४१ | कुर्माली | २२७ | ०.०० | ३९७ | ०.०० |
| ४२ | कोचे | २,०८० | ०.०० | ३३२ | ०.०० |
| ४३ | सिन्धी | ५१८ | ०.०० | २९१ | ०.०० |
| ४४ | मालपाँडे | २४७ | ०.०० | १६१ | ०.०० |
| ४५ | सधानी | १२२ | ०.०० | १२२ | ०.०० |
| ४६ | हरियान्वी | ८८९ | ०.०० | ११४ | ०.०० |
| ४७ | ओरिया | ५८४ | ०.०० | - | - |
| ४८ | आसामी | ४७६ | ०.०० | - | - |
| ४९ | गढवाली | ३८ | ०.०० | - | - |
| ५० | फ्रेन्च | ३४ | ०.०० | - | - |
| ५१ | रसियन | १७ | ०.०० | - | - |
| ५२ | स्पेनिस | १६ | ०.०० | - | - |
| जम्मा | | २,१७,५३, ३८५ | ८२.१० | २,४२,२७,८६७ | ८३.०७ |
| | | ४८ वटा भाषा | | ४६ वटा भाषा | |

**ख.** **भोटबर्मेली परिवारका भाषाहरू**

| क्र.सं. | भाषा मातृभाषा | जनगणना २०६८ सङ्ख्या | प्रतिशत | जनगणना २०७८ सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| | जम्मा मातृभाषीहरू | २,६४,९४,५०४ | १०० | २,९१,६४,५७८ | १०० |
| १ | तामाङ | १३,५३,३११ | ५.१० | १४,२३,०७५ | ४.८८ |
| २ | नेपालभाषा (नेवारी) | ८,४६,५५७ | ३.१९ | ८,६३,३८० | २.९६ |
| ३ | मगर ढुट | ७,८८,५३० | २.९७ | ८,१०,३१५ | २.७८ |
| ४ | याक्थुङ/लिम्बू | ३,४३,६०३ | १.२९ | ३,५०,४३६ | १.२ |
| ५ | गुरुङ | ३,२५,६२२ | १.२२ | ३,२८,०७४ | १.१२ |
| ६ | राई | १,५९,११४ | ०.६० | १,४४,५१२ | ०.५ |
| ७ | बान्तवा | १,३२,५८३ | ०.५० | १,३८,००३ | ०.४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | शेर्पा | १,१४,८३० | ०.४३ | ११७,८९६ | ०.४ |
| ९ | मगर खाम | २७,११३ | ०.१० | ९१,७५३ | ०.३१ |
| १० | चाम्लिङ | ७६,८०० | ०.२८ | ८९,०३७ | ०.३१ |
| ११ | चेपाङ | ४८,४७६ | ०.१८ | ५८,३९२ | ०.२ |
| १२ | कुलुङ | ३३,१७० | ०.१२ | ३७,९१२ | ०.१३ |
| १३ | सुनुवार | ३७,८९८ | ०.१४ | ३२,७०८ | ०.११ |
| १४ | थामी | २३,१५१ | ०.०८ | २६,८०५ | ०.०९ |
| १५ | थुलुङ | २०,६५९ | ०.०७ | २४,४०५ | ०.०८ |
| १६ | घले | ८,०९२ | ०.०३ | २३,०४९ | ०.०८ |
| १७ | साम्पाङ | १८,२७० | ०.०७ | २१,५९७ | ०.०७ |
| १८ | धिमाल | १९,३०० | ०.०७ | २०,५८३ | ०.०७ |
| १९ | खालिङ | १४,४६७ | ०.०५ | १६,५१४ | ०.०६ |
| २० | वाम्बुले | १३,४७० | ०.०५ | १५,२८५ | ०.०५ |
| २१ | बाहिङ /बायुङ् | ११,६५८ | ०.०४ | १४,४४९ | ०.०५ |
| २२ | याक्खा | १९,५५८ | ०.०७ | १४,२४१ | ०.०५ |
| २३ | भुजेल | २१,७१५ | ०.०८ | १३,०८६ | ०.०४ |
| २४ | भोटे | - | - | १२,८९५ | ०.०४ |
| २५ | याम्फु/याम्फे | ९,२०८ | ०.०३ | १०,७४४ | ०.०४ |
| २६ | नाछिरिङ | १०,०४१ | ०.०३ | ९,९०६ | ०.०३ |
| २७ | ह्योल्मो / य्होल्मो | १०,१७६ | ०.०३ | ९,६५८ | ०.०३ |
| २८ | दुमी | ७,६३८ | ०.०२ | ८,६३८ | ०.०३ |
| २९ | मेवाहाङ | ४,६५० | ०.०१ | ७,४२८ | ०.०३ |
| ३० | पुमा | ६,६८६ | ०.०२ | ६,७६३ | ०.०२ |
| ३१ | पहरी | ३,४५८ | ०.०१ | ५,९४६ | ०.०२ |
| ३२ | आठपहरिया | ५,५३० | ०.०२ | ५,५८० | ०.०२ |
| ३३ | दुङ्गाली | ६,२६० | ०.०२ | ५,४०३ | ०.०२ |
| ३४ | जिरेल | ४,८२९ | ०.०१ | ५,१६७ | ०.०२ |
| ३५ | तिबेतन | ४,४४५ | ०.०१ | ५,०५३ | ०.०२ |
| ३६ | चुम /नुब्री | - | - | ४,२८४ | ०.०१ |
| ३७ | छन्त्याल | ४,२८३ | ०.०१ | ४,२८२ | ०.०१ |
| ३८ | राजी | ३,७५८ | ०.०१ | ४,२४७ | ०.०१ |
| ३९ | थकाली | ५,२४२ | ०.०१ | ४,२२० | ०.०१ |
| ४० | मेचे | ४,३७५ | ०.०१ | ४,२०३ | ०.०१ |
| ४१ | कोयी | १,२७१ | ०.०० | ४,१५२ | ०.०१ |
| ४२ | लोहोरुङ | ३,७१६ | ०.०१ | ३,८८४ | ०.०१ |
| ४३ | मुगाली | - | - | २,८३४ | ०.०१ |
| ४४ | जेरो/जेरुङ | १,७६३ | ०.०० | २,८१७ | ०.०१ |
| ४५ | कर्मारोङ | - | - | २,६१९ | ०.०१ |
| ४६ | छिन्ताङ | ३,७१२ | ०.०१ | २,५६४ | ०.०१ |
| ४७ | ल्होपा | ३,०२९ | ०.०१ | २,३४८ | ०.०१ |
| ४८ | लाप्चा | ७,४९९ | ०.०२ | २,२४० | ०.०१ |
| ४९ | मनाङे | ३९२ | ०.०० | २,०२२ | ०.०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५० | छिलिङ | २,०४६ | ०.०० | २,०११ | ०.०१ |
| ५१ | दुरा | २,१५६ | ०.०० | १,९९१ | ०.०१ |
| ५२ | तिलुङ | १,४२४ | ०.०० | १,९६९ | ०.०१ |
| ५३ | ब्याँसी | ४८० | ०.०० | १,७०६ | ०.०१ |
| ५४ | बालकुरा / बराम | १५५ | ०.०० | १,५३९ | ०.०१ |
| ५५ | बरागुन्वा | - | - | १,५३६ | ०.०१ |
| ५६ | मगर काइके | ५० | ०.०० | १,२२५ | ०.०० |
| ५७ | हायु /वायु | १,५२० | ०.०० | १,१३३ | ०.०० |
| ५८ | धुलेली | ३४७ | ०.०० | ७८६ | ०.०० |
| ५९ | खाम्ची (राउटे) | ४६१ | ०.०० | ७४१ | ०.०० |
| ६० | लुङखिम | १२९ | ०.०० | ७०२ | ०.०० |
| ६१ | लोवा | - | - | ६२४ | ०.०० |
| ६२ | कागते | ९९ | ०.०० | ६११ | ०.०० |
| ६३ | वालिङ/वालुङ | १,१६९ | ०.०० | ५४५ | ०.०० |
| ६४ | नार-फु | - | - | ४२८ | ०.०० |
| ६५ | ल्होमी | ८०८ | ०.०० | ४१३ | ०.०० |
| ६६ | तिछुरोङ पोइके | - | - | ४१० | ०.०० |
| ६७ | फाङ्दुवाली | २९० | ०.०० | २४७ | ०.०० |
| ६८ | बेलहारे | ५९९ | ०.०० | १७७ | ०.०० |
| ६९ | सुरेल | २८७ | ०.०० | १७४ | ०.०० |
| ७० | साम | ४०१ | ०.०० | १०६ | ०.०० |
| ७१ | बन्करिया | ६९ | ०.०० | ८६ | ०.०० |
| ७२ | चाइनिज | २४२ | ०.०० | - | - |
| ७३ | जोङ्खा | ८० | ०.०० | - | - |
| ७४ | मिजो | ३२ | ०.०० | - | - |
| ७५ | कुकी | २९ | ०.०० | - | - |
| ७६ | नागा मेसे | १० | ०.०० | - | - |
| ७७ | अरबी | ८ | ०.०० | - | - |
| | | ४५८२७९९ | १७.२९ | ४८३४५६४ | १६.५७ |
| | जम्मा ६९ भाषा | | | जम्मा ७१ भाषा | |

**ग. द्रबिड परिवारका भाषा**

| भाषा | जनगणना २०६८ | जनगणना २०७८ |
|---|---|---|

| | | वक्ता | प्रतिशत | वक्ता | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उरावन /उराव | ३३,६५१ | ०.१२ | ३८,८७३ | ०.१३ |
| २ | किसान | १,१७८ | ०.०० | १,००४ | ०.०० |
| जम्मा | | ३४८२९ | ०.१३ | ३९८७७ | ०.१३ |

**घ.** **आग्नेली परिवारका भाषा**

| भाषा | | जनगणना २०६८ | | जनगणना २०७८ | |
|---|---|---|---|---|---|
| | | वक्ता | प्रतिशत | वक्ता | प्रतिशत |
| १ | सन्थाली | ४९,८५८ | ०.१८ | ५३,६७७ | ०.१८ |
| २ | मुन्डा/मुदियारी | - | - | २,१०७ | ०.०१ |
| ३ | खरिया | २३८ | ०.०० | १३२ | ०.०० |
| जम्मा | | ५००९६ | ०.१८ | ५५९१६ | ०.१९ |

**ङ.** **एकल परिवारका भाषा**

| भाषा | | जनगणना २०६८ | | जनगणना २०७८ | |
|---|---|---|---|---|---|
| | | वक्ता | प्रतिशत | वक्ता | प्रतिशत |
| १ | कुसुन्डा | २८ | ०.०० | २३ | ०.०० |

**च.** **अन्य भाषिक सङ्ख्या**

| भाषा | | जनगणना २०६८ | | जनगणना २०७८ | |
|---|---|---|---|---|---|
| | | वक्ता | प्रतिशत | वक्ता | प्रतिशत |
| १ | साङ्केतिक | ४४७६ | ०.०१ | १,७८४ | ०.०१ |
| २ | पहिचान नभएका | ४७७१८ | ०.१८ | ३४६ | ०.०० |
| ३ | अन्य | २११७३ | ०.०७ | ४२०१ | ०.०१ |
| जम्मा | | ७३३६७ | ०.२७ | ६३३१ | ०.०२ |